आज मिति २०८२/०३/०९ गते सोमबारका दिन विहान ८:३० बजे शान्तिनगर गाँउपालिकाका अध्यक्ष श्री प्रमोद बस्नेत ज्यूको अध्यक्षता एवं तपशिलका सदस्यहरुको उपस्थितिमा अध्यक्षको कार्यकक्षमा शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको आ.व. २०८१।०८२ को १३ औं बैठक बसी देहायका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| दस्तखत | सि.नं. | पद | पदाधिकारीको नाम, थर | |
|---|---|---|---|---|
| | १ | अध्यक्ष | श्री प्रमोद बस्नेत | गाउँपालिका अध्यक्ष |
| | २ | उपाध्यक्ष | श्री प्रेमाकुमारी बुढाथोकी | गाउँपालिका उपाध्यक्ष |
| | ३ | सदस्य | श्री जंग बहादुर पुन | १ नं. वडा अध्यक्ष |
| | ४ | सदस्य | श्री सुनिल ओली | २ नं. वडा अध्यक्ष |
| | ५ | सदस्य | श्री मिन बहादुर के. सी. | ३ नं. वडा अध्यक्ष |
| | ६ | सदस्य | श्री गोमान बहादुर वली | ४ नं. वडा अध्यक्ष |
| | ७ | सदस्य | श्री ओपेन्द्रबहादुर रावत | ५ नं. वडा अध्यक्ष |
| | ८ | सदस्य | श्री शेर बहादुर भण्डारी | ६ नं. वडा अध्यक्ष |
| | ९ | सदस्य | श्री तारा बहादुर वली | ७ नं. वडा अध्यक्ष |
| | १० | सदस्य | श्री मीना न्यौपाने | २ नं. वडा सदस्य |
| | ११ | सदस्य | श्री पार्वती घर्ती | ३ नं. वडा सदस्य |
| | १२ | सदस्य | श्री रञ्जिता बोहोरा | ४ नं. वडा सदस्य |
| | १३ | सदस्य | श्री राजकुमारी चौधरी | ५ नं. वडा सदस्य |
| | १४ | सदस्य | श्री सदिक्षा चुनारा | कार्यपालिका सदस्य (४ नं वडा) |
| | १५ | सदस्य | श्री झुपलाल नेपाली | कार्यपालिका सदस्य (७ नं वडा) |
| | १६ | सचिव | श्री भेषराज चन्द | प्रमुख प्रशासकीय अधिकृत |
| | | | | |
| <u>सहयोगी कर्मचारी</u> | | | | |
| | १ | सचिवालय सहयोगी (प्रशासकीय अधिकृत) | श्री कृष्ण कुमार कँडेल | शान्तिनगर गाँउपालिका |
| | २ | का स | श्री शिव प्रसाद वली | शान्तिनगर गाउँपालिका |

मिति २०८२।०३।०९ गतेको गाउँकार्यपालिकाको बैठकमा शान्तिनगर गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को दफा ८ (३) र ९ (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत गरिएका प्रस्तावहरु:

१. शान्तिनगर गाउँपालिकाका विभिन्न दस्तावेजहरु आगामी गाउँसभामा पेश गर्ने सम्बन्धमा ।
   - क. आ व २०८२।०८३ को नीति तथा कार्यक्र गाउँसभामा पेश गर्ने सम्बन्धमा ।
   - ख. आ व २०८२।०८३ को आय र व्ययको अनुमान बजेट सभामा पेश गर्ने सम्बन्धमा ।
   - ग. आर्थिक विधेक २०८२ को सम्बन्धमा ।
   - घ. विनियोजन विधेयक २०८२ को सम्बन्धमा ।
   - ङ. रेडियो शान्तिनगर सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०८२ स्वीकृतको लागि गाउँसभामा लैजाने सम्बन्धमा ।
   - च. कानून संशोधनका लागि गाउँसभामा पेश गर्ने सम्बन्धमा ।

२. कानून स्वीकृत तथा संशोधन गर्ने सम्बन्धमा ।
३. प्रथम सेवा विन्दु छनौट गर्ने सम्बन्धमा ।
४. विद्यालयको अनुदान निकासा सम्बन्धमा ।
५. स्थानीय पाठ्यपुस्तक स्वीकृत गर्ने सम्बन्धमा ।
६. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रममा साझेदारी गर्ने सम्बन्धमा ।
७. जग्गाको न्यूनतम मूल्याङ्कन रकम सम्बन्धमा ।
८. जोखिम युक्त स्थानमा विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी विपद् व्यवस्थापनको काम गर्ने ।
९. घर टहराको अभिलेखिकरणको शुल्क तोक्ने सम्बन्धमा ।

CamScanner

# मिति २०८२/०३/०९ गते बसेको गाउँ कार्यपालिकाको १३ औं बैठकका निर्णयहरु

**निर्णय नं.१,**

क. शान्तिनगर गाउँपालिकाको आ व २०८२।०८३ को लागि आवश्यक देहाय बमोजिमका दस्तावेजहरु स्वीकृतिका लागि मिति २०८२।०३।१० गते दिनको ११ बजे बस्ने गाउँपालिकाको १८औं गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरयो।

१. शान्तिनगर गाउँपालिकाको आ.व.२०८२।०८३ को नीति तथा कार्यक्रम,

२. आ व २०८२।०८३ को आय र व्ययको अनुमान समेटिएको वार्षिक बजेट तथा कार्यक्रम,

३. आ व २०८२।०८३ मा लगाईने कर, दस्तुर, राजश्वका दरहरु भएको आर्थिक विधेयक, २०८२

४. सचित कोषको खर्च गर्ने अख्तियारी तथा रकम विनियोजन सम्बन्धी व्यवस्था गर्न बनेको विनियोजन विधेयक, २०८२

ख. रेडियो शान्तिनगर सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०८२ स्वीकृतको लागि गाउँसभामा लैजाने सम्बन्धमा।

ग. "गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन कार्यविधि, २०८०" परिच्छेद-४ को नियम ४.१ को (च) मा रहेको प्रावधानको सट्टा देहायको प्रावधान कायम गरी कार्यविधी संसोधनको लागि गाउँ सभा समक्ष सिफारिस गर्ने।

"यो कार्यविधि लागू हुनुपूर्व खुला प्रतिस्पर्धामा समावेश नभई विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम निजी स्रोतबाट तल्ब भत्ता पाउने गरी नियुक्त भई गाउँपालिका अनुदानबाट तलव भत्ता पाउने गरी हालसम्म अविछिन्न रुपमा कार्यरत माध्यमिक तथा आधारभूत तहका स्विकृत कोटा वमोजिमका शिक्षक यसै कार्यविधी वमोजिम गाउँपालिका अनुदान शिक्षक पदमा नियुक्त भएको मानिनेछ।"

**निर्णय नं.-२,**

क. शान्तिनगर गाउँपालिकाको लागि आवश्यक रहेका देहाय बमोजिमका कानूनहरु स्वीकृत गर्ने ।

१. शान्तिनगर गाउँपालिकाको किसान सञ्जाल गठन तथा सञ्चालन कार्यविधि २०८२

२. शान्तिनगर गाउँपालिकाको बाल क्लब गठन तथा परिचालन सम्वन्धी कार्यविधि, २०८२

ख. "शान्तिनगर गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८" लाई देहाय वमोजिम संशोधन गर्ने ।

१. निर्देशिकाको परिच्छेद २ वैठक भत्ता सम्वन्धी व्यवस्थामा संसोधन गर्नुपर्ने

| क्र.सं. | वुदा नं. | भएको व्यवस्था | संसोधन गर्नुपर्ने |
|---|---|---|---|
| १ | ३.१ (ङ) | न्यायिक समितिको नियमित वैठकलाई यस निर्देशिकाको प्रयोजनका लागि बैठक मानिने छैन | न्यायिक निरूपणको सिलसिलामा न्यायिक समितिका पदाधिकारीहरू तथा सचिवालयका कर्मचारीहरू सहित संयुक्त रूपमा बसेको बैठकलाई बैठक मानिने छ । |
| २ | ३.२ | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पदाधिकारी वा बाहिरबाट सदस्य तथा आन्त्रित सहभागी भएको बैठकमा बाहेक कार्यालय समयमा बसेको बैठकको बैठक भत्ता उपलब्ध गराईने छैन । | न्यायिक निरूपणको बखत न्यायिक समितिका सदस्यहरू बसी छलफल गरेको दिनलाई समेत बैठक मानि बैठक भत्ता उपलब्ध गराईने छ । |
| ३ | ४.२ | बैठकमा सहभागी व्यक्तिहरूको पानी तथा खाजाखर्च वापत बढीमा प्रति व्यक्ति दुई सय पचास रूपैयासम्म खर्च गर्न सकिने छ । | बैठकमा सहभागी व्यक्तिहरूको पानी तथा खाजाखर्च वापत बढीमा प्रति व्यक्ति तीन सय रूपैयासम्म खर्च गर्न सकिने छ । |

प्रमोद बस्नेत
अध्यक्ष

CamScanner

निर्णय नं.-३.

शान्तिनगर गाउँपालिकामा स्वास्थ्य विमा सम्बन्धी प्रथम सेवा विन्दु छनौट गर्ने सम्बन्धमा श्री स्वास्थ्य बीमा बोर्ड बबरमहल, काठमाण्डौको च नं १२०८ मिति २०८२।०१।२३ गतेको लेखी आएको सन्दर्भमा:, स्वास्थ्य बीमा ऐन, २०७४ र नियमावली, २०७५ बमोजिम स्थानीय तहमा प्रथम सेवा बिन्दु छनौट गरी सेवा विस्तार गर्ने व्यवस्था भएतापनि यस गाउँपालिकाको भूगोलभित्र हालसम्म अस्पताल सञ्चालनमा नरहेकाले स्थानिय नागरिकले नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रमबाट लाभ लिन नसकेको सन्दर्भमा:, शान्तिनगर गाउँपालिकाको १५ शैया अस्पताल सञ्चालन नहुँदासम्मका लागि स्वास्थ्य विमा कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने मापदण्ड पूरा भएको र यस गाउँपालिकाभित्रका नागरिकहरुलाई सबैभन्दा नजिक (पायक) पर्ने तुलसीपुर उपमहानगरपालिका स्थित राप्ती प्रादेशिक अस्पताल तुलसीपुर दाङलाई स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन प्रयोजनार्थ प्रथम सेवा बिन्दु छनौट गर्ने ।

निर्णय नं.-४.

चालू आ.व. २०८१/८२ को लागि नेपाल सरकार, ससर्त अनुदानमा प्राप्त क्रियाकलाप नं. २.७.१३.५० प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान शिर्षकको उपक्रियाकलाप नं. २.६ "प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई शिक्षण सिकाई सामग्री, ल्याब असिष्टेन्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रु.१५०००/- का दरले हुन आउने अनुदान रकम शान्तिनगर गाउँपालिकामा प्राविधिक धार सञ्चालित देहायका विद्यालयहरुले अनुदान रकम माग गरेको आधारमा IEMIS मा अधावधिक विद्यार्थी संख्या मध्ये परीक्षामा सहभागी भएका विद्यार्थीको संख्या एकिन गरी नेपाल सरकार, ससर्त अनुदान तर्फको कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१/८२ को क्रियाकलापमा उल्लिखित प्रावधान कार्यान्वयन गर्न बिनियोजित बजेटबाट देहायको रकम तोकिएका विद्यालयमा अनुदान उपलब्ध गराउने निर्णय गरियो।

साथै अघिल्ला वर्षहरुमा उक्त शिर्षकको रकम यस कार्यालयबाट देहायका विद्यालयहरुमा अनुदान निकासा भएकोमा सो आ.व. मा उक्त रकम खर्च हुन नसकि विद्यालयकै खातामा बचत रहेको रकम फिर्ता गर्न पत्राचार गरिएको भए तापनि सो बचत रकमबाट कृषि ल्याब सुदृढिकरणसंग सम्बन्धित क्रियाकलापमा रकम खर्च गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्न लगाउने।

| क्र.स. | विद्यालयको नाम | वि.स. को आधारमा हाल अधिकतम् निकासा हुने रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | श्री बी.पी कोइराला माध्यमिक विद्यालय, शान्तिनगर-०३, वयालेसिमतरा, दाङ। | २०२५०००/- | परीक्षामा सहभागी भएको संख्या एकिन गरी निकासा गर्ने। |
| २. | श्री जनकल्याण माध्यमिक विद्यालय, शान्तिनगर-०२, सिमसुन्दरपुर, दाङ। | २५८००००/- | |

(घ) ०३ वापतको रकम वडाका जनप्रतिनिधिको रोहवरमा विद्यार्थी/अभिभावकलाई उपलब्ध गराउन निर्णय गर्ने।

निर्णय नं.-५.

शान्तिनगर गाउँपलिकमा चालू आ.व. २०८२/८३ को वार्षिक स्विकृत कार्यक्रम "स्थानीय पाठ्यक्रममा आधारित स्थानीय पाठ्यपुस्तक निर्माण" अन्तर्गत आधारभूत तह कक्षा ६-८ को स्थानीय पाठ्यपुस्तक "हाम्रो शान्तिनगर" नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्रबाट लेखन कार्य सम्पन्न गरी पेश भएको मस्यौदा स्विकृति तथा परीक्षणको रुपमा सवै विद्यालयहरुमा लागू गर्न स्थानीय पाठ्यपुस्तक लेखन तथा निर्माण कार्यदलबाट पेश भई आएकोले तयार भएको उक्त पाठ्यपुस्तकको मस्यौदा स्वीकृत गरी चालु शैक्षिक सत्र २०८२ मा कक्षा ६-८ मा परीक्षणको रुपमा कार्यान्वयन गर्न स्वीकृति दिने निर्णय गरियो।

निर्णय नं.-६.

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रममा आगामी आ.व. २०८२/०८३ मा सङ्घीय सरकारबाट रोजगार आयोजना संचालनको लागि ज्याला रकम रु १८,७२,००० विनियोजन गरिएकोमा, सो रकम बराबर स्थानीय तहबाट साझेदारी समेत सुनिश्चित गर्नु पर्ने भएकोले यस गाउँपालिकामा आगामी आ.व. २०८२।०८३ का लागि लागत साझेदारी हुने निर्माण कार्यहरुमा कम्तीमा ७५% श्रमिक " रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS)" मा सूचीकृत २५४ बेरोजगार व्यक्तिहरू मध्यबाट चयन गरी संलग्न गर्ने।

पदमबहादुर बस्नेत
अध्यक्ष

CS CamScanner

ग. यस वर्षको असार महिनामा भएको अविरल वर्षाको कारणबाट यस गाउँपालिकाका विभिन्न बाटो बिग्रिएर दैनिक आवागमन गर्न समस्या भएको र समयमै मर्मत नगरे थप जोखिम बढ्ने भएकोले देहाएका सडक बाटोहरु आगामी आ.व. २०८२/०८३ को सुरुवातमा नै मर्मत तथा संरक्षण गरी प्राविधिक मूल्यांकनका आधारमा विपद व्यवस्थापन कोषको रकमबाट भुक्तानी गर्ने।

१. शान्तिनगर गाउँपालिका वडा नं. २ बाट वडा नं. १ जोड्ने पुल संरक्षण (पुलको तलमाथि ग्याबिन जाली भर्ने लगायतको काम)

२. शान्तिनगर गाउँपालिका वडा नं. ३ भुल्केपानीदेखि भुल्केपानी जाने बाटोको चोक निरको पहिरो नियन्त्रणको काम।

३. शान्तिनगर गाउँपालिका वडा नं. ३ पश्चिमसाउने चर्चदेखि बहुलाखोला जाने बाटोमा भएको पहिरो रोकथाम तथा नियन्त्रण।

निर्णय नं.-९.

शान्तिनगर गाउँपालिका क्षेत्रभित्र कच्ची घर टहरा तथा व्यावसायिक घर टहराहरुलाई समेत सूचिकृत गरी आन्तरिक राजश्वको आम्दानी बढाउने तथा त्यस्ता संरचनाको अभिलेखीकरण गर्दा के कति रकम लिने भनी शान्तिनगर गाउँपालिकाको आर्थिक ऐन, २०८१ मा व्यवस्था भएको नदेखिएकोले आर्थिक ऐन मा व्यवस्था नभएसम्मका लागि त्यस्ता व्यावसायिक घर टहराको अभिलेखीकरण गर्दा प्रति वर्गफिट रु. २।- (दुई) कायम गर्ने।

प्रमोद बस्नेत
अध्यक्ष

CamScanner